# पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

प्रस्तावनाः

पशुपन्छी विकास मन्त्रालयले ३ वर्ष भित्रमा दुध, अण्डा र मासुमा आत्मनिर्भर हुने प्रतिवद्धता जाहेर गरे अनुसारको लक्ष्य हासिल गर्न नेपाल सरकारको पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमलाई सहज, सरल, प्रभावकारी र पारदर्शि रुपमा सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ।

(ख) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनुपर्दछ ।

(ग) "कार्यदल" भन्नाले कार्यालयबाट गठित जिल्ला पशु विकास कार्यदललाई सम्झनुपर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले कार्यविधिको अधिनमा रही पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमलाई सम्झनुपर्दछ ।

ङ) "फर्म, समूह, समिति, सहकारी" भन्नाले प्रचलित कानून बमोजिम पशुपालन व्यवसाय संग सम्बन्धित भई स्थापित फर्म, समूह, समिति, सहकारी सम्झनुपर्दछ ।

च) पशुजन्य पदार्थ भन्नाले दुध फुल मासु ऊन पश्मिना छाला र घिं बाट निर्मित वस्तु सम्झनुपर्दछ ।

३. उद्देश्य

यो कार्यविधिको उदेश्यहरु निम्न रहेका छन्।

१. पशुजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्न।
२. पशुपन्छीपालन व्यवसायलाई प्रवर्द्धन गर्न।
३. परम्परागत उद्यमलाई आधुनिकिकरण गर्न ।
४. पशुजन्य पदार्थ विविधिकरण र बजारीकरणबाट मुल्य अभिवृद्धि गर्न।
५. पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।



19

## परिच्छेद–२

### कार्यक्रम सञ्चालन प्रकृया

४. कार्यक्रमका विषयगत क्षेत्रहरु :

(१) दुध र दुधजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरण, औजार खरिद गर्न

(२) मासु, अण्डा र मासुअण्डाजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरण, औजार खरिद गर्न

(३) ऊन, पश्मिना उत्पादन, प्रशोधन र भण्डारण

(४) छाला र छालाबाट निर्मित वस्तुहरुको उत्पादन, बजारीकरण र भण्डारण

(५) जिल्ला पशु विकास कार्यदलले उपयुक्त ठानेका पशुपालन संग सम्बन्धित अन्य क्षेत्रहरु

५. कार्यक्रम सञ्चालन हुने जिल्लाहरु : यो कार्यक्रम यस आर्थिक बर्ष ०७३/७४ मा इलाम, संखुवासभा, दोलखा, चितवन, रुपन्देही, कास्की, तनहु, जुम्ला, कैलाली र गुल्मी जिल्लामा र तत्पश्चात आगामि बर्ष वार्षिक स्विकृत कार्यक्रम अनुसारका जिल्लाहरुमा लागु गरिनेछ ।

६. कार्यक्रम सञ्चालन विधिः यो कार्यक्रम सञ्चालन गर्दा लागि विभिन्न कृषक, फर्म, समूह, समिति, सहकारीलाई अनुदान दिइनेछ ।

७. कृषक, फर्म, समूह, समिति, सहकारी छनौटको मापदण्ड

अनुदान प्राप्त गर्नको लागि कृषक, फर्म, समूह, समिति, सहकारीहरुले निम्न मापदण्ड पुरा गर्नुपर्नेछ।

१. फार्म, समुह, समिति तथा सहकारी सम्बन्धित सरकारी निकायमा दर्ता भएको हुनुपर्ने।

२. अन्य सरकारी निकायबाट रु. ५०,००० भन्दा बढि अनुदान कम्तिमा ३ वर्ष देखि नलिएको।

३. परम्परागत रुपमा पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणमा संलग्न भएको कृषक उद्यमी लाई प्राथमिकता दिईनेछ ।

४. दलित, जनजाती कृषक उद्यमी लाई प्राथमिकता दिईनेछ ।

८. प्रस्ताव आह्वान र संकलन : इच्छुक कृषक, फर्म, समूह, समिति, सहकारीबाट अनुसुची २ अनुसारको आवेदन र अनुसुचि ३ बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना पेश गर्ने गरि जिल्ला पशु सेवा कार्यालयले स्थानिय पत्रपत्रिका र एफ.एम मार्फत अनुसूची १ मा उल्लेख भए बमोजिमको सुचना प्रकाशित गरि जानकारी गराउनु पर्नेछ ।

९. प्रस्ताव मूल्यांकन :

(१) प्रस्ताव मुल्यांकनका लागि देहाय बमोजिमको मुल्यांकन समिति हुनेछ ।

| | |
|---|---|
| (क) जिल्ला पशु सेवा कार्यालय, प्रमुख | संयोजक |
| (ख) जिल्ला पशु सेवा कार्यालय, अधिकृत | सदस्य |

(ग) जिल्ला पशु सेवा कार्यालय, योजना शाखाको अधिकृत — सदस्य सचिव

(२) मुल्यांकन समितिले मुल्यांकन गर्दा प्रस्तावहरुको प्रारम्भिक छानबिन, स्थलगत निरिक्षण तथा अनुसुचि ३ मा उल्लेखित आधारहरुलाई समेत आधार मान्नुपर्नेछ ।

१०. प्रस्तावको स्वीकृती र सम्झौता :

(१) मुल्यांकन समितिले मुल्यांकन गरि छनौट गरेका प्रस्तावहरु स्वीकृतीका लागि कार्यदलमा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(२) स्वीकृत प्रस्तावहरुका प्रस्तावकहरुलाई अनुदान प्रदान गर्नका लागि जिल्ला पशु सेवा कार्यालयले सम्झौता गर्नुपर्ने छ ।

(३) कार्यक्रमको मुल्यांकन र स्वीकृति दिंदा दलित, जनजाती कृषक उद्यमी लाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद–३
## विविध

११. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१२. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची–१

पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

.........................कार्यालय

प्रथम पटक प्रकाशित मिति : ............

यस कार्यालयको आ.व. २०...../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम रहेकाले इच्छुक कृषक, फर्म, समूह, समिति, सहकारीहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । प्रस्तावकले सरकारी निकायबाट विगत २ आर्थिक वर्ष सम्ममा नगद अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुपर्नेछ । पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

अनुसूची – २

पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
......................

विषय : पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमबाट अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .................................. कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त व्यावसायिक कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु
५. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
६. समुह/समिति/सहकारीका सदस्यहरुको परियोजना पेश गर्ने र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नामः
दस्तखत :
संस्था/व्यक्तिः
ठेगानाः



१९

अनुसूची - ३

पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रमका सञ्चालनका लागि संक्षिप्त व्यावसायिक कार्ययोजना

१. व्यावसायको परिचय

२. उद्देश्यहरु

३. सम्बन्धित व्यवसायमा अनुभव

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु

६.कार्यक्रम संचालन गरिने प्रस्तावित कार्य विवरण

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेश गर्ने

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्बर:

ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवसाय सञ्चालन हुने स्थान :

फर्म/समुह/समिति/सहकारीको तर्फ बाट सहि गर्नेको

नाम : संस्थाको छाप:

पद :

दस्तखत : मिति :



/ 9

अनुसूची – ४

पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | व्यवसायको वर्तमान अवस्था (१५) | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (३०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित वर्ग (१०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

अनुसूची – ५

पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण कार्यक्रम संचालनको लागि गरिने सम्झौता–पत्र

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनलय/पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयद्धारा जिल्ला पशु सेवा कार्यालय, ...................... मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ........................................ .................................................................. कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालय, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक/ व्यवसायी/फर्म/समुह/समिति/सहकारी श्री/सुश्री/श्रीमती ............................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. गाई/ भैंसी/बंगुर/बाख्रापालन गर्ने व्यवसायी कृषकहरुले पशु बिमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| जि.प.से.का.को तर्फबाट सहि गर्नेको | कृषक/व्यवसायी/ फर्म/समुह/समिति/सहकारी |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | संस्थाको छाप |
| | औंठाको छाप : |
| | दायाँ     बायाँ |